**नेपाल भूकम्प २०७२ अपडेट : ४७ औं दिन**
**मिति : ०७२ जेठ २७ गते**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
**मृतक : ८,७७८**
**घाइते : २२,३०३**

**विस्थापनको जोखिममा पुगेका पीडित भन्छन्: 'चारसय वर्ष पुरानो थातथलो कसरी छाड्नू ?'**

'चार सय वर्ष पुरानो थातथलो हो, घर छोडेर कसरी जानू ?' भूकम्प पीडित प्राप्चा गाविस- ९, ओखलढुङ्गाका टोलहरि पोखरेलले भने- 'माथिबाट पहिरो आउन थालेको छ, यहीँ बस्नु भनेको मर्न राजी हुनु जत्तिकै हो, जुनसुकै बेला पहिरो आउन सक्छ ।' सोही ठाउँका विष्णुप्रसाद पोखरेलको भनाइ पनि यस्तै छ 'आफू मात्र भए पो, थातबासदेखि वस्तुभाउ, खेतीपाती सबै यहीँ छ । अर्को स्थानमा आफ्नो जग्गा जमिन, छैन के गर्ने ?' गहभरी आँसु पार्दै उनले भने । टोलहरि र विष्णुप्रसाद मात्रै होइनन्, प्राप्चा ८ र ९ वडाका ४८ घरधुरी आफ्नो गाउँ माथिबाट खस्न थालेको पहिरोबाट विस्थापित भएका छन् ।

## उल्लेख्य

जिल्ला दैवीप्रकोप उद्धार समिति काभ्रेबाट गाउँमा राहत वितरण गर्नका लागि भनी लगेको चामल र चिउरा बेचेको आरोपमा प्रहरीले सात जनालाई गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा लिएको छ । प्रहरीले गोठपानी गाविस–९ का ५६ वर्षीय गुणप्रसाद चौलागाईं, सोही ठाँउका ५१ वर्षीय कृष्णप्रसाद चौलागाईं, धुसेनीसिवालय गाविस-६ का ३० वर्षीय इन्द्रबहादुर लामा, सोही ठाँउका १९ वर्षीय पन्जी शेर्पा, २६ वर्षीय प्रकाश तामाङ, ट्रक चालक चौवास गाविस-७ का ५५ वर्षीय सूर्यबहादुर तामाङ र निजका छोरा ३३ वर्षीय विजय तामाङ रहेका छन् । गएको जेठ २३ गते बिहान भूकम्प पीडितका लागि राहत बाँढ्न भनी चौवास गाविस-५ का सूर्यबहादुर लामाको छोरा अशोक लामाले बा.३.ख.५६१५ नम्बरको ट्रकमा लगेको नेपाल खाद्य संस्थान लेखिएको ३४ केजीको ४७ बोरा चामल र सिता फूड इन्डष्ट्रिज लेखिएको टाइचिन चिउरा २० बोरा गोठपानी गाविस-९ का कृष्णप्रसाद चौलागाईं र गुणप्रसाद चौलागाईंले सञ्चालन गरेको किराना पसलमा स्टोर गरी बेचेको जानकारी प्रहरीले प्राप्त गरेको थियो ।

गत वैशाख १२ गते आएको विनासकारी भूकम्पमा परी ज्यान गुमाएका दाङका चार जना मृतकका परिवारलाई एक/एक लाख रुपियाँ राहत वितरण गरिएको छ । चार जना पीडितको परिवारलाई एक/एक लाख रुपियाँ राहत दिइएको प्रमुख जिल्ला अधिकारी लोकनाथ पौड्यालले जानकारी दिए । भूकम्पमा परी दाङ नौ जनाले देशका विभिन्न भागमा ज्यान गुमाएका थिए ।

केन्द्रीय दैवी प्रकोप उद्धार समिति, ओखलढुङ्गाले जिल्लाका भूकम्प पीडितलाई वितरण गर्न १३ करोड १८ लाख रुपियाँ निकासा गरेको छ । भूकम्पले पूर्ण क्षति भएका घरपरिवालाई १५ हजार रुपियाँका दरले वितरणका लागि सो रकम निकासा भएको हो ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

मानवीय उद्धार जवाफदेहिता अनुगमन कार्यक्रम (हामी) र इन्सेकले भूकम्पीय क्षति, उद्धार र राहत वितरण कार्यको अनुमन गरेका छन् । इन्सेकका रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा तथा मानवीय उद्धार जवाफदेहिता अनुगमन कार्यक्रम (हामी) का मीनबहादुर शाही, सुवास खतिवडा अनुगमनमा सहभागी थिए । सो अवसरमा रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी गौतम रिमालले ६ सय ५० जनाको विनाशकारी भूकम्पको कारण मृत्यु भएको र १ सय ५७ जना अझै बेपत्ता भएको जानकारी दिए ।

भूकम्पका कारण जोखिममा रहेका घर भत्काउन जिल्ला प्रशासन कार्यालय, मकवानपुर र उपमहानगरपालिका, हेटौँडामा निवेदनको चाङ लागेको छ । भूकम्पले क्षति पुऱ्याएका संरचना नभत्काउँदा सँगै रहेका अन्य घरलाई पनि क्षति पुऱ्याउने भएकाले जोखिममा रहेका घर भत्काउन निवेदन परेको हो । प्रशासन र उपमहानगरपालिका कार्यालयमा घर भत्काइदिन माग गर्दै ६५ वटा निवेदन परेका छन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline